आज मिति २०८२ साल साउन २३ गते शुक्रबारका दिनको १.३० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा पैतालिस बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ | |
| २ | उप-प्रमुख | श्री निराजन जंगम | |
| ३ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ४ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ५ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ६ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ७ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री संजय कोजू | |
| ९ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| ११ | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| १२ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १३ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १४ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| २० | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २३ | सचिव | श्री मोहन प्रसाद मगुर्सिनी | |

CS Scanned with CamScanner

५२ औ कार्यपालिका बैठकको बैठकका एजेण्डाहरु

१.५१ औ कार्यपालिका बैठकको निर्णय समिक्षा,
२.नगर प्रमुखको राजिनामा जानकारी सम्बन्धमा,
३. योजना सम्झौताको अवधि थप सम्बन्धमा,
४. अध्ययन बिदा सम्बन्धमा,
५.सडक बोर्ड नेपालमा योजना पेश गर्ने सम्बन्धमा ।
६.बिबिध

क. प्रशासकीय भवन निर्माणका लागि श्रोत प्रतिवद्धता सम्बन्धमा,
ख. वडा नम्बर ११ को स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा,
ग. समपुरक र विषेश अनुदान तर्फका योजना छनोट गरि पठाउने सम्बन्धमा,
घ. पूर्ण खोप कार्यक्रम सम्बन्धमा,
ङ. बालबालिकाहरुको भ्रमण कार्यक्रममा भएको थप खर्च सम्बन्धमा ।

५२ औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५१ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

२. धुलिखेल नगरपालिकाका नगर प्रमुख अशोककुमार ब्यन्जु श्रेष्ठ २०८२ फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उमेदवार हुन २०८२ माघ ६ गते देखि लागु हुने गरि नेपालको संविधान २०७२ को धारा २१६ को उपधारा ८ बमोजिम दिनु भएको राजिनामा कार्यपालिका बैठक समक्ष्य जानकारी गराइयो । साथै नगर प्रमुखको रुपमा अशोककुमार ब्यन्जु श्रेष्ठले धुलिखेलको समग्र विकासमा पुरयाउनु भएको योगदानका लागि धन्यबाद दिदै उहाको उज्वल भविष्यको कामना गरियो ।

३. धुलिखेल नगरपालिकाको सत्रौं नगरसभाबाट आ.व. ०८२।८३ को लागि स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम अनुसार उपभोक्ता सिमिति मार्फत कार्यान्वयन हुने योजनाहरुको सम्झौता अवधि २०८२ माघ मसान्तसम्म सम्म मात्र रहेकोमा २०८२ फागुन २१ गते हुन लागेको निर्वाचन समेतलाई मध्येनजर गरि योजना सम्झौताको अवधि २०८२ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

४. यस नगरपालिका नगरकार्यपालिका कार्यालयमा कार्यरत ज.स्वा.नि.श्री सिर्जना तिमिल्सिना (कर्मचारी संकेत नं २०५१२०) ले निवेदन दिए अनुसार यस नगरपालिकाबाट पूर्व स्वीकृति लिई प्रवेश परिक्षा दिएकोमा नेपाल सरकार चिकित्सा शिक्षा आयोगले संचालन गर्ने चिकित्सा शिक्षा स्नातक तह शैक्षिक कार्यक्रम Bachelor in Public Health (BPH) मा अध्ययन गर्न पोखरा विश्वविधालय अन्तर्गत National Open Collage, Sanepa ललितपुरमा छात्रबृत्तिमा